आत्म हत्या समस्याको समाधान होइन, अमूल्य जीवन त्यसै खेर नफालौं, समस्याको समाधान खोजौं ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश

बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily






# लुम्बिनी: जोखिम क्षेत्रमा हेलिप्याड योजना



वुटवल २४ पुस

लुम्बिनी प्रदेश सरकारले विपदका घटनामा खोज तथा उद्धार कार्यलाई सहज बनाउन जोखिम क्षेत्रमा हेलिप्याड बनाउने योजना अघि सारेको छ। लुम्बिनी प्रदेश आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालयले प्रदेशभरका विपत्का घटनाबारे विश्लेषण गर्दै जोखिम क्षेत्रमा हेलिप्याड निर्माण गर्ने योजना बनाएको हो। मन्त्रालयका अनुसार विपत् व्यवस्थापनका लागि योसहित मुख्यमन्त्री उद्धार राहत कोष स्थापना र सञ्चालन गर्ने तयारी भइरहेको छ। त्यस्तै आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र प्रदेशभित्र एकीकृत जोखिम व्यवस्थापन केन्द्र स्थापना गरी पूर्वसचेतना प्रणाली जडान गर्ने योजना बनाइएको छ।

लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०७९/८० को पुससम्मको छ महिनामा विभिन्न विपत्का घटनामा ४६१ जनाको मृत्यु हुनुका साथै १५० जना घाइते भएका छन्। विपत्बाट १९६ वटा चौपायामा क्षति भएको छ। प्रदेशका १२ जिल्लामा छ महिनाको अवधिमा अविरल वर्षाका कारण २२ जनाले ज्यान गुमाएका छन्। वर्षाका कारण मृत्यु हुनेको सङ्ख्या सबैभन्दा बढी दाङमा छ। दाङमा नौ जनाको मृत्यु भएको बताइएको छ। त्यस्तै प्युठानमा सात, बाँकेमा दुई जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ। गुल्मी, अर्घाखाँची, कपिलवस्तु र पाल्पामा एक/एक जनाको मृत्यु भएको छ। अविरल वर्षाका कारण १९ हजार १६७ वटा घरगोठ डुबानमा परेका छन्। बाढी र डुबानका कारण सबैभन्दा धेरै बर्दियामा एक हजार छ सय जना विस्थापित भएका छन्। दाङ, बाँके र कपिलवस्तुमा डुबानका कारण सयौँ परिवार प्रभावित भएका हुन्।

मन्त्रालयका सचिव कोमलप्रसाद धमलाका अनुसार बाढी र डुबानबाट विस्थापित भएकालाई मन्त्रालयले तीन सय थान त्रिपाल, ९० थान टेन्ट, म्याट २० थान, थ्रो ब्याग रस्सी पाँच मिटर, ब्ल्याङ्केट ३४ थान र डोरी वितरण गरेको थियो। मन्त्रालयले प्राकृतिक प्रकोपका घटना न्यूनीकरण गर्न ४६ जनाको विपत् फोकल पर्सनमार्फत उद्धार, राहत तथा खोजतलास गरेको जनाएको छ।

# प्रदेश १ : मुख्यमन्त्रीमा हिक्मतकुमार



विराटनगर २४ पुस

प्रदेश १ को मुख्यमन्त्रीमा नेकपा एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्की नियुक्त भएका छन्।

झापाबाट प्रदेशसभामा निर्वाचित कार्कीलाई प्रदेश प्रमुख पर्शुराम खापुङले आज (आइतबार) मुख्यमन्त्री नियुक्त गरेका हुन्।

प्रदेशसभामा रहेका एमालेका ४०, नेकपा माओवादी केन्द्रको १३, राप्रपाको ६ र जसपाको १ जना सांसद गरी ६० जना सांसदको समर्थनमा उनी मुख्यमन्त्री बनेका हुन्।

एमाले संसदीय दलका नेता रहेका कार्कीलाई माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बो, राप्रपाका दलका नेता भक्ति सिटौला र जसपाकी नेता निर्मला लिम्बूले मुख्यमन्त्रीमा नियुक्तिका लागि समर्थन दिएका थिए।

प्रदेशसभामा रहेका ९३ सदस्यमध्ये सरकार बनाउन ४७ सदस्य आवश्यक पर्नेमा करिब दुई तिहाइ सदस्य ६० जनाको समर्थनमा कार्कीको दावी पेश भएको थियो। सोहीअनुसार कार्की मुख्यमन्त्रीमा नियुक्त भएका हुन्।

प्रदेशसभामा कुनै पनि दलको बहुमत नपुगेपछि २ वा २ भन्दा बढी दलको समर्थनमा सरकार बनाउन प्रदेश प्रमुख पर्शुराम खापुङले आज ५ बजेसम्मको समय दिएका थिए।

सो समय अगावै दलहरूले कार्कीलाई मुख्यमन्त्रीमा नियुक्त गर्न दावी पेश गरेका थिए।मुख्यमन्त्री कार्कीको शपथ भने भोलि हुने प्रदेश प्रमुखको कार्यालयले जनाएको छ।

# गुल्मी : विमानस्थलबाट तारा एयरको जहाजले गर्‍यो डेमो उडान



गुल्मी, २४ पुस

गुल्मीको रेसुंगा विमानस्थलमा इतबार तारा एयरले डेमो उडान गरेको छ।

रेसुंगा नगरपालिकास्थित सिमिचौरमा निर्माण सम्पन्न भएको विमानस्थलमा आईतबार मध्यान्ह तारा एयरको ट्वीनअटर जहाज अवतरण गरेको हो।

आईतबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भरेको उक्त जहाज ५० मिनेटमा रेसुंगा विमानस्थल पुगेको हो।उक्त विमानमा पूर्वमन्त्री प्रदीप ज्ञवाली, रामकुमारी झाक्री, प्रतिनिधिसभा सदस्य चन्द्र भण्डारी, प्रदेशसभा सदस्य धनेन्द्र कार्की, तारा एयर र नेपाल नागरिक उड्डयन प्राधिकरणका अधिकारी थिए।

रेसुंगा विमानस्थलमा पहिलो पटक तारा एयरले उडान भरेको खुसीयालीमा रेसुंगा नपनगरपालिका कार्यालयले आईतबार सार्वजनिक विदा दिएको छ।

रेसुंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद अर्यालले नगरपालिकाको समन्वयमा विमानस्थलमा सफलतापूर्वक परीक्षण उडान गरिएको र त्यसको खुसीयालीमा नगरपालिकामा सार्वजनिक विदा दिएको जानकारी दिए।

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट ५ किलोमिटर दुरीमा रहेको रेसुंगा विमानस्थलबाट अब तारा एयरले नियमित उडान गर्ने भएको छ।

# जसपा : सरकारलाई विश्वासको मत



काठमाण्डौ, २४ पुस

जनता समाजवादी पार्टी जसपा नेपालले सरकारलाई विश्वासको मत दिने भएको छ। सत्ता साझेदार दलहरुको कार्यदलले तयार पारेको न्यूनतम साझा कार्यक्रमको मस्यौदामा नागरिकता समस्या समाधान र सुशासनको प्रत्याभूति जस्ता विषय समावेश भएसँगै सरकारलाई विश्वासको मत दिने निर्णय भएको पार्टीका प्रवक्ता मनिष सुमनले जानकारी दिनुभयो।

जसपाले गठबन्धनको तर्फबाट मस्यौदा गरिएको न्यूनतम साझा कार्यक्रमको खाकामा पार्टीको राजनीतिक समितिको बैठकबाट सरकारमा सहभागी हुनका लागि राखिएका दुई वटा सर्तहरू समेटिएको भन्दै विश्वासको मत दिने बताएको हो।

कार्यदलले तयार पारेको न्यूनतम साझा कार्यक्रमको मस्यौदा हिजो सत्तारुढ दलका शीर्ष नेतालाई बुझाएको छ। जसपाले पुस २७ गते पृथ्वी जयन्तीका दिन सार्वजनिक बिदा दिने विषयमा भने असहमति व्यक्त गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पर्सि २६ गते विश्वासको मत लिने तयारी गर्नुभएको छ।

# खाना पकाउन परम्परागत रूपमा गुइँठाको प्रयोग



कपिलवस्तु २४ पुस

कपिलवस्तुको दक्षिणी क्षेत्रमा खाना पकाउनका लागि परम्परागत रूपमा गुइँठाको प्रयोग बढ्दै गएको छ। गुइँठाको प्रयोगले खाना पकाउनुका साथै जाडोमा आगो ताप्न सहयोग पुग्ने स्थानीय गृहिणी बताउँछन्। कपिलवस्तु नगरपालिका-६, थुम्हवाकी आनारा यादव जाडो सुरु भएसँगै गोठको गोबर जम्मा गरेर गुइँठा बनाउन व्यस्त हुनुहुन्छ। गोबर सुकाएर गुइँठा बनाएपछि दाउराका रूपमा प्रयोग गर्न सकिन्छ। अन्य गृहिणीको दिनचर्या पनि गोठबाट गोबर सङ्कलन गरेर गुइँठा बनाउन बित्ने गरेको छ। यस क्षेत्रका अधिकांश स्थानीय बासिन्दाको दिनचर्या गोबर सङ्कलन गर्ने र गोबरमा भुस तथा पराल राखेर त्यसलाई सुकाएपछि गुइँठा तयार पार्नमा बित्ने गरेको छ।

दाउराको अभावमा गोबरलाई मलका रूपमा नभई दाउरा बनाएर खाना पकाउनु आफ्नो बाध्यता भएको स्थानीय मेरु धोबीले बताउनुभयो। उहाँले सुक्खायाममा गुइँठा बनाउने र हिउँदमा त्यसलाई जोहो गरी राखेर दाउराका रूपमा प्रयोग गर्ने गरेको उहाँले बताउनुभयो। प्राङ्गारिक मलका रूपमा प्रयोग हुने गोबरलाई गुइँठा बनाएर दाउराका रूपमा प्रयोग गर्न थालेपछि गोबरको मल बनाउन भने समस्या भएको छ। खेतबारीमा रासायनिक मलको माग बढ्न थालेको स्थानीय बताउँछन्। स्वास्थ्यकर्मीका अनुसार दाउराका रूपमा गोबर प्रयोग गर्नु स्वास्थ्यका लागि पनि हानिकारक छ। भान्सामा काम गर्नेलाई श्वासप्रश्वास, दम र अन्य फोक्सोसम्बन्धी रोगले च्याप्ने भनाइ स्वास्थ्यकर्मीको छ।

# ज्येष्ठ नागरिकहरुलाई न्यानो कम्बल



**माधव बेल्वासे**

कपिलवस्तु २४ पुस

कपिलवस्तुको शिवराज नगरपालिका वडा न ३ का ८० जना ज्येष्ठ नागरिकहरुलाई न्यानो कम्बल वितरण गरिएको छ। वडा कार्यालयमा आइतबार एक कार्यक्रमको आयोजना गरी ८० वर्ष माथिका वृद्धवृद्धालाइ न्यानो कम्बल वितरण गरेको वडा अध्यक्ष टेकलाल सापकोटाले बताउनुभयो।

चिसो बढेसँगै तराईमा जनजीवन प्रभावित बनेको र वृद्धवृद्धालाइ असर पर्ने भएकोले प्रत्येक वर्ष न्यानो कपडाहरू वितरण गरिएको सापकोटाले बताउनुभयो । चिसो मौसममा वृद्ध वृद्धालाई बढी जोखिम हुने भएकोले चिसोबाट बचाउन परिवारका सदस्यहरूले विशेष ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । सापकोटाले वडामा आउन नसकेका वृद्धाहरूलाई घरमै पुगेर न्यानो कम्बल प्रदान गरिने जनाउनुभयो। "हरेक वर्षको वडा मार्फत सम्मान तथा न्यानो कपडा वितरण गर्ने कार्यक्रम राखिएको छ, सापकोटाले भन्नुभयो, "यो चिसो मौसममा केहि भएपनि सहजता हुने छ, ।"कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राकेश पाण्डेले उच्च जोखिममा रहेका वृद्ध वृद्धालाई वडाले न्यानो कम्बल वितरण गरेको बताउनुभयो । नगरका अभिभावकको रूपमा रहेका वृद्धवृद्धाहरुलाई नगरले प्रत्येक वर्ष सम्मान गर्ने गरेको पाण्डेले बताउनुभयो । चनइ स्वास्थ्य चौकीका प्रमुख लेखनाथ पौडेलले नागरिकहरूको स्वास्थ्यमा कुनै समस्या आएमा स्वास्थ्य चौकीमा आउन आग्रह गर्नुभयो । चिसो मौसमको समयमा विभिन्न रोगहरू लाग्न सक्न भएकोले सचेत हुनुपर्ने पौडेलले बताउनुभयो। :

# सम्पादकीय

## बाध्यता कि एकता ?

डा. बाबुराम भट्टराई र प्रचण्ड फेरि मिल्ने भए । एकता गर्ने भए । समाजवादीहरुका बीचमा ध्रुवीकरणको प्रयास जारी छ । एकीकृत समाजवादीले वामपन्थी एकताका लागि पहल थालेको छ । जसपा र एकीकृत समाजवादीका बीचमा पनि पार्टी एकता वार्ता चलिरहेको छ । यी र यस्तै समाचारले ठाउँ पाएको छ यतिबेला । तर यो कुनै नौलो विषयचाहिँ होइन । अहंकारको सिङ-जुरो पलाएपछि सधैंको झगडा र भाँचिएर कमजोर भएपछि फेरि मेलमिलापका नाममा गरेको अलाप-विलाप मात्रै हो । उल्लेखित पार्टी छुट्टिदा वा मिल्दा उनीहरुलाई सत्ता र भत्ता मिल्ने हो, सहज हुने हो । जनताले पाउने त केही पनि होइन । न तिनीहरु छुट्टिदाखेरिको झगडामा जनताको सरोकारको विषय रहेको थियो, न आज मिल्ने बेलामा छ । गाउँ घरतिरको प्रचलित लोकोक्ति - ‘लोग्ने-स्वास्नीका बीचको झगडा परालको आगो’ भने झैं हो । अरु केही होइन । उति धेरै महत्व दिन पनि पर्दैन । तर पनि समाचार बनाउन परेको छ सञ्चार माध्यमले । सत्ता र भत्ता अपच भएपछि झगडा गरेर छुट्टिदा र कमजोर भएर फेरि मिल्दा पनि । पहिलेको झगडा र अहिलेको मिलाप दुवै उनीहरुका बीचका व्यक्तिगत बाध्यताका उपज हुन् । यसमा कुनै सैद्धातिक र वैचारिक विषयको विविधता छैन । सत्ता र भत्ताले मैमत्ता भएर त्यतिबेला हामीहरुका बीचमा उब्जेको दम्भ र घमण्डले गर्दा मिल्न नसकेर छुट्टिएका थियौं । अहिले त्यो केही छैन, त्यसैले फेरि मिल्न थाल्यौं भन्न नसकेर नानाथरिका नाटक गर्नपर्ने बाध्यता उनीहरुलाई छ लोकलज्जा निवारणार्थ । वामपन्थी एकता र समाजवादीहरुका बीचमा ध्रुवीकरण जस्ता शब्दजाल लाज लुकाउने बाटा मात्र हुन् । अरु केही होइन र केही हुनेवाला पनि छैन ।

आस गरेर बसेका दास कार्यकर्ताले छुट्टिदा र मिल्दा जे भन्न लगाउँछन् उनीहरुका मालिकले त्यही भन्ने हुन् । स्वविवेकको प्रयोग गरेर बोल्ने चलनको अन्त्य भएको छ दलपतिलाई प्राधिकार दिएपछि नेपाली राजनीतिमा । न एमालेका कार्यकर्ताले ओलीका बोलीमा विवाद गर्ने सामर्थ्य राख्छन्, न माओवादीका कार्यकर्ताले प्रचण्डका आदेशमा रहेको अहंकारको आकार छुट्याउन सक्छन्, सक्दैनन् । आवेग र उत्तेजनामा आएर बाबुराम र माधव नेपालका पछि लागेका जमातको हालत पनि उस्तै हो । बाबुराम माओवादीमा जानु र माधव नेपालका पछि लागेका नेता र कार्यकर्ता एमालेमा फर्कनुलाई सहज रुपमा लिन पर्छ । एकता सेकता केही होइन यो । निहुँ झिकेर टेडिएर घर छोडेर गएको भाई रिस मरेपछि आफै मोडिएर आएको मात्रै हो । हिजो त्यसरी धारे हात लगाएर एक अर्कालाई सराप्दै छुट्टिएका एमाले र माओवादी यति छिट्टै मिलेर सरकार बनाउलान भनेर कसैले पनि सोचेको थिएन । माधव नेपाल र ओलीका बीचमा चलेको आरोप-प्रत्यारोप सुन्नेले पनि नमिल्ने ठानेका हुन सक्छन् । अब केही महिनापछि मिल्ने छन् । त्यही मिलनको बाटो बनाउने पाटो हो वाम एकताको पहल । स्वार्थ मिलेर आपसमा जुट्दा चाटाचाट् र भाग नमिलेर छुट्टिदा काटाकाट् गर्ने चलन त सवैतिर छ नि ! राजनीतिमा पनि छ । त्यसको अभ्यास कहिले उत्कर्षमा पुग्छ त कहिले मन्द हुन्छ । एकता र ध्रुवीकरणलाई त्यही रुपमा बुझे हुन्छ ।

# सामुदायिक वन : जति फाइदा उति बेफाइदा

तीन दशकको सामुदायिक वन अभियानले हामीलाई के दियो र हामीले के गुमायौं ? यसका अगुवा र अभियन्ताले निर्मम समीक्षा गर्ने बेला भएको छ ।





कृष्णप्रसाद पौडेल

बहुदलसँगै हुर्के-बढेको सामुदायिक वन अहिले तीस वर्षको लाठे भएको छ। यसलाई जन्माउने प्रक्रियासमेत यसको उमेरजत्तिकै लामो छ। खास गरी, राणाकालमा जागिरबापत वनको जमिन दिने र यस्तो जमिनलाई कृषिक्षेत्र विस्तार गरी कर उठाउन लगाउने गरिन्थ्यो।

राणाकालको अन्त्यपछि बनेको संसद्ले, यस्तो कार्य नरोके नेपालले वनक्षेत्रको ठूलो भाग गुमाउने ठहरसँगै, वनको राष्ट्रियकरण गर्ने निर्णय गऱ्यो। तर यो निर्णयले गर्दा वन राखे जमिन निजी बनाउन नपाइने भय बढ्यो। यसले वन फँडानी गरी कृषि जमिन विस्तार गर्ने क्रम झनै बढायो।

दोस्रो विश्वयुद्धको अन्त्यसँगै पश्चिमी अध्येताहरू संसारभरिका स्रोतहरूको आकलनमा निस्के। विश्वयुद्धपछि उपनिवेशी यात्राबाट तहसनहस प्रकृति र वातावरणमा परेको प्रभावको आकलन हुनु स्वाभाविक थियो। यो खोजीसँगै अमेरिकी राष्ट्रपति हेरी ट्रुमनले लडाइँले ध्वस्त युरोपको पुनर्निर्माणको दायित्व लिने उद्घोष गरे। यस्तो विकासको अपेक्षा पूरा गर्न पश्चिमी ज्ञानशालामा निर्माण भएको विघटनवादी विकासे ज्ञान फैलाउन सुरु भयो, जसले हिमाली क्षेत्रको वातावरणीय संकटको समस्या जनसंख्या वृद्धि भएको र वन फँडानी बढेको, यो तत्कालै नरोके नेपालको मध्यपहाडमा वन विनाश, ऊर्जा र पानी संकट बढ्ने निष्कर्ष निकाल्यो। यही बहसमा टेकेर विश्व बैंकजस्ता बिचौलिया संस्थाहरूले पन्ध्र वर्षमा नेपालको वनक्षेत्र सबै मासिने घोषणासमेत गरे।

यस्तो निचोड कुनै संयोग मात्र थिएन, औद्योगिक विकासले दीक्षित पश्चिमी संस्कृतिको नियोजित अभिव्यक्ति थियो। कति अर्थमा यो विश्वयुद्धका कारण प्रकृतिदोहन गर्ने उपनिवेशी यात्रा रोकिएसँगै यस्ता स्रोतमाथि परैबाट नियन्त्रण गर्न आवश्यक रणनीति परीक्षण गर्ने अस्वाभाविक हस्तक्षेपसमेत थियो। गएका सात दशकमा विश्वव्यापी रूपमा भए-गरेका हस्तक्षेपकारी गतिविधिबाट यसको पुष्टि भएकै छ।

सुरुमा विश्व बैंक र पछि एफएओ लगायत नेपाल सरकारलाई वन व्यवस्थापन प्रक्रियामा प्रभाव पार्न सफल भए। वन फँडानीका समस्याहरूमा प्रस्तुत विम्ब र विश्लेषणले यो समस्याको समाधानमा उनीहरूकै ज्ञानसत्ता मुख्य उपायका रूपमा स्थापित भयो। अनि वन व्यवस्थापनमा पश्चिमी ज्ञान र प्रविधिको वर्चस्व मात्र हुँदै गएन, यसले वन र समुदायको परिभाषा, मर्म र अस्तित्वमा समेत गहिरो प्रभाव पाऱ्यो। वन र यसमा आश्रित समुदायको आज जेजस्तो अवस्था छ, त्यो यही पश्चिमी ज्ञान र त्यसैको अभ्यासको परिणाम हो।

यस्तो हुनुमा हाम्रै आन्तरिक कारणसमेत छन्। राणाकालदेखि विश्वयुद्ध हुँदै सन् १९७० को दशकमा आइपुग्दा, हामी भने भरखर आँखीझ्यालबाट बाहिरी दुनियाँ चियाउँदै थियौं। पश्चिमी भौतिक प्रगतिको चमकधमकका कथा र घुमन्ते गोराहरूको वैभवले उनीहरू विकासे र जान्ने, हामी अविकासे र नजान्ने हुन मात्र होइन, उनीहरूका अर्ती-बुद्धिलाई शिरोपर गर्न शासकले देखाएको बाटो समाउँदै नतमस्तक हुनसमेत तयार थियौं। उनीहरूकै जस्तो विकास चाहिएको थियो, उनीहरूका आदेशको पालना गर्दै हो मा हो मिलाउन सामुदायिक वन अपवाद कसरी हुन्थ्यो र ?

वन जोगाउन स्थानीय सहभागिता भन्दै सुरुमा वन ऐन-१९६१ का प्रावधानहरूभित्र रहेर सरकारले पञ्चायत वन र पञ्चायत-संरक्षित वन नियमहरू लागू गऱ्यो, जसले स्थानीय निकायहरूलाई वन व्यवस्थापनको जिम्मेवारी दियो। यी निकायहरूसँग आंशिक वन नियन्त्रण अधिकारसहित वनजन्य उत्पादन लाभहरूको अधिकार थियो। यो वन अधिकार सरकारबाट स्थानीय समुदायमा हस्तान्तरण गर्ने दिशामा महत्त्वपूर्ण कदम भए पनि वास्तविक अधिकार वन स्रोतमा निर्भर रहेका उपभोक्तासम्म पुग्ने कुरा भएन। किनकि वन व्यवस्थापनको जिम्मेवारी पञ्चायत चलाउने स्थानीय अभिजात वर्गले लिएको थियो। राजनीतिक नेताहरूले यसलाई आफ्नो स्थिति बलियो बनाउन दुरुपयोग गरे।

तर स्थानीय तहसम्म भएको विकेन्द्रीकरणले समुदायमा वन हस्तान्तरण गर्न सकिने बाटो भने देखायो। सुरुमा यही बाटो पछ्याउँदै काभ्रेको नाला, सिन्धुपाल्चोकको डाँडापाखर र धनकुटाको पातले वनमा समुदायलाई वन व्यवस्थापन गर्नर् जिम्मेवारी दिने परीक्षण परियोजना सञ्चालन भए। यी परीक्षणहरू कसरी समुदायले वनको दिगो व्यवस्थापन गर्दै वन स्रोतबाट आफ्नै आम्दानी र रोजगारी बढाउन सक्छ भन्नेमा केन्द्रित थिए।

दर्जनौं दाताका वन विकास परियोजना र गैरसरकारी संस्था सामुदायिक वन अभियान चलाउन नेपाल भित्रिए। सन् १९९० मा प्रजातन्त्र पुनर्बहालीपछि वन व्यवस्थापनमा स्थानीय समुदायको भूमिकालाई मान्यता दिइयो र सामुदायिक वन यिनै दाताको सहयोगमा सरकारकै औपचारिक कार्यक्रमका रूपमा सञ्चालन भयो। प्रारम्भिक चरणहरूमा सरकार र दाताहरूले पहाडी क्षेत्रमा आफ्नो प्रयास केन्द्रित गरे र यो बिस्तारै सबैतिर फैलियो। उदाहरणका लागि, ज्ञान र प्रविधिको बाह्य वर्चस्व कायम राख्न नेपाली शैलीकै भनसुन र माथिको आदेशका भरमा आफूखुसी लाखौं डलरका दर्जनौं परियोजना भित्रिए। कतिसम्म भने, सन् २००० को दशकमा यस्ता परियोजनाले ७० जिल्लामा भागबन्डा लगाएर यी परियोजना सञ्चालन भएका थिए।

यो कार्यक्रम वनको ह्रास रोक्न विगतका प्रयासहरू असफल भएको र नेपालमा वनमा निर्भर गरिबहरूको जीविकोपार्जनलाई प्रवर्द्धन गर्ने आवश्यकताको उदार अनुभूतिबाट उत्पन्न भएको हो भन्न सकिन्छ। अहिले नेपालभर सामुदायिक वनयोग्य ३५ लाख हेक्टरमध्ये २२ लाख हेक्टरजति हस्तान्तरण भएको छ भने, २२ हजार ४ सय ४५ सामुदायिक वन समूह र औपचारिक तथ्यांकमा २९ लाख घरधुरी यस अभियानमा सामेल छन्। योसँगै, सामुदायिक वन प्रवर्द्धनका लागि दर्जनौं नीति, संस्था र अभ्यासहरू भएका छन्।

जीविकोपार्जन र दिगो पर्यावरणमा योगदान दिने घोषित उद्देश्य रहे पनि यसमा लगाइएको स्रोत र श्रमको अनुपातमा यी दुवै क्षेत्रमा उपलब्धि पाइएको छैन। हरियाली र आश्रित समुदायको चेतना बढेकोमा धेरै विवाद छैन। अन्य पक्षको प्रगति भने धेरै सन्तोषजनक छैन। वन स्रोतको दोहनले विविधतामा ह्रास आएको छ। आश्रित समुदायको जीवनको संकट गहिरिँदो छ। वनमा फैलिँदो वनमारा, गाउँ-बस्तीमा आतंक बनेका वन्यजन्तु, मरुभूमीकरण हुँदै गएको चुरेको फेदी क्षेत्र अनि कृषि-वन सम्बन्धविच्छेद यस्तो विविधता ह्रासका केही उदाहरण हुन्।

विडम्बना, सामुदायिक वन बनेसँगै प्रकृतिसम्मत परम्परागत किसानीसमेत विस्थापित हुँदै गएको छ; कृषि र वनजन्य स्रोतको अन्तरनिर्भरताको जग भत्केको छ। वन स्रोतमा आश्रित समुदायको जीविकोपार्जन र खाद्य सुरक्षाको गम्भीर प्रश्न हो यो। यसमा निर्भर समुदायको आयआर्जनमा योगदान पुग्ने उद्यम, व्यवसाय र आम्दानीको आधार अझै बन्न सकेको छैन। यस्तो हुनु अस्वाभाविक होइन किनकि सामुदायिक वन पनि अन्य विकासे परियोजनाजस्तै बाह्य ज्ञान, दान र परम्परागत सत्ताको दबाब र दासताको चक्रीय प्रभावबाट मुक्त थिएन। धेरै अर्थमा धेरै सामुदायिक वन अभियान यसबाट अझै उम्कन सकेको छैन।

यसबारे थप प्रसंगको चर्चा गरौं। पहिलो, पूर्ण सरकारी नियन्त्रणमा रहेको वन स्रोत कर्मचारी र राजनीतिक नेतृत्वका लागि गाडधनजस्तै थियो र अहिले पनि छ। समुदायको हक जताएर यस्तो धनमा आँखा लगाउन आउने परियोजनाप्रति समुदायका अगुवा र कर्मचारी दुवै खुसी थिएनन्, अहिले पनि नभएको गुनासो छँदै छ। सामुदायिक वनले प्रशासनिक समस्या र झन्झटिलो प्रक्रियाका बारेमा खासै बोलेको देखिँदैन। एउटा ढलेको रूख निकाल्न पनि निकै लामो झन्झट बेहोर्नुपर्छ।

दोस्रो, यस्ता परियोजनाले सामुदायिक वन व्यवस्था गर्न नयाँ बिचौलियाको सह-उत्पादन गरे। लाखौं सदस्य रहेका समूहमा राजनीतिक पार्टीहरूले आँखा लगाए। परिणामतः सामुदायिक वन अभियान वन व्यवस्थापन र समुदायको स्रोतमाथिको पहुँचजस्ता सवालमा भन्दा स्रोतदोहनमा मिलीजुली गर्ने थलो बनेको छ।

अहिले यस्ता विकासे परियोजना त छैनन्, तर यिनले भित्र्याएका संस्थागत विकृति भने छरपस्ट छन्। यसबाट सामुदायिक वनको साख मात्र घटेको छैन, अपवादबाहेक समुदायको चाखसमेत घटेको छ।

वैज्ञानिक वनको चाखले वन पैदावरमा रोक, तीन तहका सरकारका तेहरो कर, चुरे संरक्षणमा वातावरण मन्त्रालयको वर्चस्व लगायतले सामुदायिक वन स्रोतदोहनका हर्ताकर्तासमेत निराश छन्।

समृद्धिका लागि सामुदायिक वनका पक्षमा नेपाली समाजले ठूलो मूल्य चुकाएको छ। तीन दशकको सामुदायिक वन अभियानले के दियो र हामीले के गुमायौं ? यसका अगुवा र अभियन्ताले निर्मम समीक्षा गर्ने बेला भएको छ। यसतर्फ संसद् लगायत सबै सरोकारवालाको समयमै ध्यान जाने नै छ। -कान्तिपुर

# लैंगिक हिंसा अन्त्यका लागि सचेतना

कपिलवस्तु २४ पुस

देशभर बढ्दो महिला हिंसालाई न्यूनिकरण गर्न सर्वपक्षिय सहभागितामा आम नागरिकलाई सु-सुचित गराउने उद्देश्यले लुम्बिनी प्रदेश प्रहरी कार्यालयको आयोजनामा “महिला हिंसा न्यूनिकरण तथा सचेतना अन्तरक्रिया कार्यक्रम“ आइतवार गरिएको छ।




लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्र.ना.म.नि. नल प्रसाद उपाध्यायको अध्यक्षता, तुलसीपुर उप-महानगरपालिकाका मेयर टिकाराम खड्काको प्रमुख आतिथ्यता र तुलसीपुर उप-महानगरपालिकाकी उप-मेयर स्यानी चौधरीको विशिष्ट आतिथ्यतामा कार्यक्रम गरिएको हो । उक्त कार्यक्रममा लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख उपाध्यायले महिला हिंसा सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङका फरेन्सिक मेडिकल विज्ञानका प्रमुख डा. विभूति शर्मा, तुलसीपुर उप-महानगरपालिका-५ वडा अध्यक्ष बिरेन्द्र कुमार साह, तुलसीपुर उप-महानगरपालिका महिला बालबालिका तथा सामाजिक विकास शाखाका प्रमुख माया श्रेष्ठ लगायत जनप्रतिनिधि, पत्रकार तथा नेपाल प्रहरीका प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# सामुदायिक विद्युत वितरक जगदीशपुरको साधारण सभा

कपिलवस्तु २४ पुस

सामुदायिक विद्युत वितरक संस्था जगदीशपुरको १४ औं वार्षिक साधारण सभा भएको छ। कपिलवस्तु नगरपालिका वडा नम्बर ९ जगदीशपुरमा रहेको सामुदायिक विद्युत वितरक संस्था कार्यालायमा एक कार्यक्रमको बीच १४ औं वार्षिक साधारण सम्पन्न भएको हो।

विद्युत वितरक संस्था अर्न्तगत ग्राहस्थ तर्फ ९ सय १६ , सिचाई तर्फ ७१ ,उद्योग १२ , मंदिर ८ विद्यालय ६ गरी कुल ग्रहक संख्या १ हजार १३ जान रहेको संस्थाका सचिव शिवपुजन यादवले जनकारी दिनुभएको थियो ।आर्थिक वर्ष २०७८र०७९ मा कुल ७८ लाख ८१ हजार ६२ रुपैया २७ पैसाको जम्मा आय(ब्यय विवरण संस्थाकी कोषध्यक्ष देवी भण्डारीले प्रस्तुत गर्नु भएको थियो । सर्व सुलभ तरिकले घरआगनमा विद्युत महसुल बुझाउन पाउद समयको बचत भएको संस्थाका सलहकर ईन्द्र प्रसाद हरिजनले बताउनु भएको थियो। संस्थालई अगाडी बढाउन सबैले सहयोग गरे मात्रै समभाव हुने उहाँले जोड दिनुभयो ।सामुदायिक विद्यत वितरक संस्थालाई अगडी बढाउन विद्युत प्रधिकरण तौलिहवा शाखा बाट सक्दो सहयोग गर्न राजेश कुमार झाले प्रतिबद्धत व्यक्ति गर्नु थियो । सामुदायिक विद्युत वितरक संस्थालाई सधै सहयोग गर्दै आगडी बढाउन सहयोग गर्ने कपिलवस्तु नगरपालिका मेयर सुदीप पौडेलले प्रतिबद्धत व्यक्ति गर्नु भएको थियो। विद्युतमा नेपालको गर्व गर्ने विषय बन्न सकिने प्रदेश संस्था विष्णु पान्थीले बताउनु भएको छ । विगतका दिनमा हामी १८ घण्टा सम्म लोडसेटिंग भोगिसकेका छौ।

आहिले विद्युतमा लागभाग अत्मनिर्भा हुने आवस्थमा रहेको , उत्पादित विद्युत अन्य देशमा निर्यत गर्ने स्थितमा पुगी सकेको र छिटै नै थाप विद्युत उत्पादन हुने भएकोले उत्पादनमुखी कार्यमा लागउन सके देश नै आत्मनिर्भार हुने पन्थीको भनाई रहेको छ।विधुतलाई उपभोक्तले उत्पादन मुखी कार्य लगानी गर्न ध्यान दिन जरुरी रहेको र विधुत पोल जडन गर्दा सड्क वितरको दिगोपनलाई ध्यान दिएर जडन गर्न उहाँले सुझवा दिनु भएको थियो।

हामी बुद्ध भागवनको ठाउँमा विधुत चोर्नुभनेको दुखको कुरा रहेको बताउदै विद्युत चुहावट रोक्नको लागि सबैले हतेमलो गर्न आवश्यक पन्थीले जोड दिनुभयो।

जगदिपुर ताललाई पर्यटिकिय गन्तब्यमा विकास गर्न पुर्ण प्रतिबद्ध रहेको बताउनु भयो ।उपभोक्ताबाट अएको प्रश्नको जबफ दिदै अगमी दिनमा संस्थालाई आफै व्यवस्थीत गरेर आगडी बढने संस्थाका अध्यक्ष डा.अबदुल रासीद खाँ प्रतिबद्धाता जनउनु भएको छ।

कार्यक्रममा कपिलवस्तु नगरपालिका मेयर सुदीप पौडेल, नेपाल विधुत प्रधिकारण कपिलवस्तु तौलिहवा वितारण शाखाका प्रमुख राजेश कुमारझाँ को उपस्थिती रहेको थियो। कार्यक्रम संस्था उपाध्यक्ष गोबिन्द पौडेलको स्वागत र सचिव शिवपुजन यादवको संचालनमा भएको थियो । कार्यक्रममा वडा अध्यक्ष , वडा सदस्यहरु , विद्यलायका प्रतिनिधि, विभिन्न समितिका पदअधिकारी , संस्थाका संचालक समितिका पदआधिकार लगायत रहनु भएको थियो।

कार्यक्रममा संस्थाका संचालक समितिका पदआधिकारी , उपभोक्त ,ग्राहक,कर्मचारी , सल्लाहकार , सरोकारवाला , पत्रकार लगायतको सहभाति रहेको थियो।

---

## सन्धिखर्क नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क अर्घाखाँची

लुम्बिनी प्रदेश ,नेपाल

मितिः २०७९/०९/२४

**सन्धिखर्क नगरपालिकाको वडा नं १ स्थित शान्ति वगैचामा रहेको भवन वहालमा लगाउने दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ र सन्धिखर्क नगर कार्यपालिकाको मिति २०७९/०८/२६ को निर्णय अनुसार वहुवर्षिय आय ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र आ.व २०७८/०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्नगरी तपसिल बमोजिमका सर्तहरुको अधिनमा रही दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ।

तपसिल

| सि.नं | सूचना नं | विवरण | न्यूनतम रकम रू मासिक | धरौटी रकम | फाराम दस्तुर ( रु ) |
|---|---|---|---|---|---|
| १ | ०९/०७९/०८० राजस्व | सन्धिखर्क नगरपालिका वडा नं १ शान्ति बगैचा स्थित साविकमा वडा नं १ को वडा कार्यालय रहेको भवन वहालमा लगाउने वहुवर्षिय आय ठेक्का (२०७९/०८० को सम्झौता भएको दिन देखि २०८३/०८४ सम्म) | १५०००।— (पन्ध्र हजार मात्र) | कवोल अंकको ५ प्रतिशत | १००० |

**सर्तहरू**

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,आ.व २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयको राजश्व शाखामा बुझाएको नगदी रसिद साथ निवेदन पेस गरी दरभाउपत्रको लागि मिति २०७९/१०/०९ गते कार्यालय समयभित्र कार्यालयबाट फाराम खरिद गर्न सकिनेछ।
- दरभाउपत्र पेस गर्ने र दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।आफुले कबोलगरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०१००३०३००००२ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं र नाम उल्लेख गरी दरभाउपत्रको लागि ७५ दिन म्याद भएको बिडबण्ड सिलबन्दी खाम साथ पेस गर्नुपर्नेछ ।
- खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहि छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम वा व्यक्तिको नाम र ठेगाना मोबाइल नं समेत स्पष्ट खुलाई फर्म भएमा फर्मको लगाई दरभाउपत्र मिति २०७९/१०/१०गते दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ।
- एक व्यक्ति / एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति / फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन।रीतपूर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरु पेस गर्ने मितिको तत् तत् दिनको २.०० बजे दरभाउपत्र दाता फर्म वा व्यक्तिको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ।साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन।
- **ठेक्का अवधि सम्झौता भएको मितिबाट आ.व २०८३/०८४ को असार मसान्तसम्म रहनेछ।प्रत्येक २ वर्षमा कवोल रकममा १० प्रतिशतका दरले भाडा वहाल रकम वृद्धि गरिनेछ ।**
- **दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले दरभाउपत्रको हकमा ७ दिनभित्र तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफतगरी नियमानुसार दरभाउपत्र बन्दोवस्त गरिनेछ।**
- **दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेस हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन।दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।**

-प्रमुख प्रशासकीय अधिकृत

---

## महाराजगंज नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय

महाराजगंज, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

प्रकाशित मिति २०७९/०९/२५

यस कार्यालयको तपशिल बमोजिम मिति २०७९/०७/२१(७, Nov ,२०२२) मा विद्धुतीय मध्यमवाट निर्माण कार्य लागी राष्टीय दैनिक पत्रिकामा सार्वजनिक सुचना मार्फत बोलपत्र आव्हान गरिएकोमा रित पुर्वक दर्ता हुन आएका तपशिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेका दरभाउपत्र न्युनतम मुल्यांकित तथा सारभुत रुपमा प्रभावकारी रहेका भनि बोलपत्र मुल्याकंन समितिबाट सिफरिस भै आएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्वन्धितहरुको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्न ७(सात) दिने आशय सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | सूचना प्रकाशित मिति | ठे.न. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|---|
| १ | २०७९/०७/२१ (7th Nov,2022) | 05/KPIL/MM/RD/Works/2079/080 | Hulaki Dhekhi Thulo Butahaniya Madhawanagar Sadak Stharunnati | Dinesh Nirman Sewa Maharajganj Nagarpalika-9 Kapilvastu | ४,५४६,९८१।६५ |
| १ | २०७९/०७/२१ (7th Nov,2022) | 06/KPIL/MM/RD/Works/2079/080 | Derwa Maharajganj Chowk Dhekhi Derwa Gaun Samma Sadak Stharunnati | Dinesh Nirman Sewa Maharajganj Nagarpalika-9 Kapilvastu | २,५०३,१९३।९६ |

प्रमुख प्रशासकीय अधिकृत

---

### कृष्णनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कृष्णनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

फोन न. ०७६५२०१४७

□याक्स न.:९७७७६५२०६८४

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

(प्रकाशित मितिः२०७९|०९|२५)

यस कृष्णनगर नगरपालिकाको लागि प्रदेश सरकारद्वारा हस्तान्तरित कार्यकम (समपुरक अनुदान) तर्फ आ.व.२०७९/०८० को लागि प्रदेश सरकारद्वारा स्वीकृत आयोजना मध्ये यस कृष्णनगर नगरपालिकाको वडा नं.०९ मा मिलन केन्द्रको भवन निर्माण (Contract Number KNM/NCB/BLD-4/079/80) निर्माण गर्नका लागि मिति २०७९/०७/२१ गते प्रकाशित बोलपत्र आव्हान सम्बन्धि सूचना अनुसार अनुसार रितपुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र खोलि प्राविधिक मुल्यांकन गर्दा सफल भएका तपशिलका बोलपत्रदाताहरुको बोलपत्रको आर्थिक प्रस्ताव मिति २०७९|१०|०१ गते दिउसो ठिक १:०० बजे कृष्णनगर नगरपालिकाको कार्यालयमामा खोल्ने भएकोले, सार्बजनिक खरिद नियमावलीको नियम ३१(ङ) को उपनियम (५) बमोजी को प्रयोजनार्थ सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ|

तपशिल

| S. N | Contact ID | Description of Work | Technical Proposal Successful Bidder | Remarks |
|---|---|---|---|---|
| 1 | Contract Number KNM/NCB/BLD-4/079/80 | Construction of building of bahadurgunj milan kendra | 1. Linear engineering & construction pvt.ltd. shivraj-५,kapilvastu phone:९८५७०४५८२२<br>2. Dreamway Construction Pvt. Ltd.Balambu-१२ dreamwayconstruction@gmail. com phone: ९८५११९४९८४<br>3. Tapeshwori Nirman Sewa Kapilvastu Municipality-२, Taulihawa, Kapilvastu phone: ९८४७०३२२१५<br>4. Brave Construction Rupandehi, Bhairahawa phone: ९८४३६५७३०० | |

ईश्वरी प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

---

Krishnanagar manicipality

## Office of Municipal Executive

Krishnanagar , Kapilvastu

Lumbini Province

## Invitation for online Bids

Date of first publication : 2079-09-25 (9 th Jan ,2023)

The krishnanagar Municipality, Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.np for the brief description with public entity name: Office of Municipal Executive Krishnanagar ,kapilvastu . .

| S.N | Contract ID | Name of Projects | Estimated Amount (with out VAT & Contingencies) NRS | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/NCB/RD-05/079-80 | Construction of Different road in ward no 2 (wada no 2 shusil shreewstavko ghar dekhi ankha aspatal pachhadi hudai ankha aspatal samm nali nirman tatha sarsaphai,wada no 2 shiwbidi uttr gate dekhi shamsher ko ghar samma pcc tatha nali nirman and wada no 2 ko simana dekhi gobind jaiswal r hamidko ghar samm pcc nirman ramjanaki ko chheuma inaar r devendr pandeyko gharko chheuma inaar dhakkan duiwata nirman ) | 26,30,165.59 | 75000.00 | 3000.00 | 08-02-2023 12:00 | |

Ishwari Prasad Sharma

Chief Administrative Officer

---

Shivraj Municipality

## Office of Municipal Executive

Chandrauta,Kapilvastu

Lumbini Province

## Invitation for electronic Bids

**Date of first publication**: 25th Poush, 2079 (9th Jan, 2023)

The Shivraj Municipality, Office of the Municipal Executive, Chandrauta Kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following Works. The bidders can visit the PPMO website for the brief description with Public entity name: Office of Municipal Executive Chandrauta, Kapilvastu.

| S.N. | Contract ID | Name of Projects | Estimated Amount (InclusiveVAT)(NRs.) | Bid Security (NRs.) | Bid Doc fee | Final Bid Submission Date&Time |
|---|---|---|---|---|---|---|
| 1 | SM/RD/079/080-23 | Chamarbojhiya dekhi RTO road jodne sadak kalopatre / Sonpur harrahawa sadak kalopatre | 3918018.50 | 98000 | 3,000.00 | 9th Jan,2023 12:00 pm (25th Poush , 2079) |
| 2 | SM/BDG/079/080-24 | Thunhiya borthing centre talla thap | 1967151.86 | 50000 | 3,000.00 | |
| 3 | SM/BDG/079/080-25 | Balshikxya mabi purbadhar nirman | 1956013.03 | 50000 | 3,000.00 | |

-Chief Administrative Officer

# कृषि कार्यले समुदायलाई आर्थिक रुपले सवल



**विकास बन्जाडे**

कपिलवस्तु २४ पुस

सहकारी संस्था मार्फत कृषि कार्य गरी स्थानीय समुदायलाई आर्थिक रुपमा सवल बनाउने खालका कार्यक्रम लागु गर्न सहकारीकर्मीहरुले जोड दिएका छन् । कपिलवस्तुको बाणगंगा ९ भलवाडमा रहेको साना किसान कृषि सहकारी संस्था लिमिटेडको २३ औं बार्षिक साधारण सभा तथा आठौं अधिवेशनमा बोल्ने बक्ताहरुले यस्तो कुरामा जोड दिएका हुन् । उनीहरुले बैदेशीक रोजगारीमा भन्दा स्थानीय कृषि उत्पादनमा साना किसान सहकारीको लगानी विस्तार गरी गरिव तथा विपन्न समुदायको आयआर्जनमा बृद्धि गर्ने खालका कार्यक्रममा लगानी गर्न सुझाव दिएका छन् । कार्यक्रममा बोल्दै नेपाल कृषि सहकारी संघका केन्द्रीय सदस्य पदम प्रसाद खनालले नेपाल कृषि प्रधान देश नाममा मात्र भएकाले सहकारी विना आर्थिक समृद्धि र विकास संम्भव नभएकाले आगामी दिनमा सहकारीको महत्व अझ बढि रहेको उल्लेख गर्नुभयो । कार्यक्रममा बाणगंगा नगरपालीका वडा नम्वर ९ का अध्यक्ष कमल पौडेल, सदस्य चुरामणी अर्याल, कृषि शाखा प्रमुख लेस बहादुर केसी, साना किसान मधौलियका प्रवन्धक नारायण अर्याल, समाजसेवी कमल बेल्बासे लगायतले सहकारीका सिद्धान्त अनुरुप अगी बढे स्थानीय तहको विकास निर्माणका साथै साना कामका लागी समेत अरुको मुख ताक्न नपर्ने बताउनुभयो । लोकतन्त्र पछि पनि हरेक क्षेत्रमा विभेदकारी निति कायमै रहेको बताउँदै कृषिका नाममा खोलिएका सहकारीले गैर कृषि क्षेत्रमा लगानी गर्न नहुने उनीहरुको ठहर छ । उद्घाटन कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष कुमार मधु बेल्बासे, स्वागत उपाअध्यक्ष दिपक बस्नेत, सन्चालन विन्द्र बहादुर गुरुङ्गले गर्नुभएको थियो । २०५३ सालमा स्थापना भएको साना किसान कृषि सहकारी संस्था भलवाडमा हाल १७ सय ८८ जना शेयर सदस्य रहेका छन् भने कुलपुँजी २५ करोडको हाराहारीमा रहेको प्रवन्धक मान कुमारी गिरीले जानकारी दिनुभयो । यसैविच संस्थाको ८ औं अधिवेशनले आगामी ४ बर्षका लागी दिपक बस्नेत अध्यक्ष रहेको ११ सदस्यीय नयाँ कार्य समिति समेत चयन गरेको छ । जसको उपाध्यक्षमा बसन्ती क्षेत्री रहेकी छिन्भने सदस्यहरुमा पूर्ण बहादुर आचार्य, कुमार मधु बेल्बासे, दुर्गा प्रसाद खनाल, बैजनाथ चौधरी, पार्वती सेन ओली, मनकला गिरी, दल बहादुर मगर, डोग बहादुर बुढाथोकी, गंगा गैरे चयन भएका छन् । त्यसैगरी सहकारीको लेखा समिति संयोजकमा चुरामणी आचार्य चयन भएका छन्भने सदस्यहरुमा मिना कुमारी गिरी र पुष्पा खनाल चयन भएको सहकारीले जनाएको छ ।

# विजयनगर : अनुदानका कृषि औजार वितरण



कपिलवस्तु २४ पुस

कपिलवस्तुको विजयनगर गाउँपालिकाले अनुदानमा कृषि औजार वितरण गरेको छ । व्यवसायीक कृषि गर्दै आएका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि औजार वितरण गरिएको थियो । पालिकाले सिँचाईको लागि मोटर, पम्मसेट, स्प्रे ट्याङ्की, चाप कटर लगायतका औजार वितरण गरिएको छ ।

कृषकहरुलाई मागको आधारमा कृषि औजार वितरण गरिएको गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले बताउनु भयो । विजयनगर गाउँपालिकामा सिंचाईको धेरै समस्या भएको हुँदा कृषकलाई मोटर र पम्पसेट जस्ता उपकरण अनुदानलाई प्राथमिकता दिइएको अध्यक्ष थापाको भनाई थियो ।

दुग्ध र मासुको उत्पादन वृद्धि गर्न पालिकाले पशुपालक कृषकलाई प्रोत्साहन गर्दै आएको प्रमुख प्रशासकीय अधिकृत शोभाराम रिजालले बताउनु भयो ।

# ३ महिलाको हत्या गर्ने सिंह दम्पत्ति पक्राउ

अर्घाखाँची, २४ पुस

अर्घाखाँची, गुल्मी र कपिलवस्तुमा गरी तीन महिलाको हत्या गर्ने 'सिरियल किलर' भारतीय नागरिक पक्राउ परेका छन् । शृं लाबद्धरूपमा वृद्ध तथा एकल महिलाको हत्या गरी गरगहना तथा नगद लुट्ने काम गर्दै आएका भारतको गुडगाउँ हरियाणाका २३ वर्षीय सुशान्त सिंह र उनकी श्रीमतीलाई अर्घाखाँची प्रहरीले पक्राउ गरेको हो ।

यी दम्पतीले यही यही पुस १७ गते अर्घाखाँचीको शितगंगा नगरपालिका १० बहखोरकी ६० वर्षीया राधा थापा, गएको कात्तिकमा गुल्मीको इस्मा गाउँपालिका ५ की ७५ वर्षीया जीवकला थापा र गएको असोजमा कपिलवस्तुको विजयनगर गाउँपालिका ४ की ७० वर्षीया योगमाया गैरेको हत्या गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख मुकुन्दप्रसाद रिजालले बताउनुभयो ।

श्रीमतीसँग मिलेर हत्या गरेको सुशान्तले बताएपछि उनकी श्रीमती शितगंगा नगरपालिका १० सिद्धाराकी २२ वर्षीया शिवा परियारलाई प्रहरीले पक्राउ गरेको छ । गुल्मी, अर्घाखाँची र कपिलवस्तुमा गरी तीन जना महिलाको हत्या गरी गरगहना तथा नगद लुट्ने सिंह दम्पतीलाई प्रहरीले आइतवार पत्रकार सम्मेलन गरि सार्वजनिक गरेको छ । उनीहरूलाई कर्तव्य ज्यान मुद्दा चलिरहेको प्रहरी प्रमुख एवम् प्रहरी नायब उपरीक्षक रिजालले बताउनुभयो ।


## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड











**कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठान**द्वारा प्रकाशित **राष्ट्रिय दैनिक बुद्ध दर्पण**का लागि
प्रबन्ध निर्देशक : **लक्ष्मण बेल्बासे**, अतिथि सम्पादक : **नारायणप्रसाद पौडेल**, प्रधान सम्पादक: **बसन्त गिरी**, सम्पादक : **पार्वती पाण्डे**, प्रबन्ध-सम्पादक : **डिलाराम भुसाल**, व्यवस्थापक : **रामु पौडेल**, कम्प्युटर सेटिङ्ग : **सागर क्षेत्री**
**प्रधान कार्यालय** : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, **फोन नं.** ०७६-५५०२६०, **फ्याक्स**: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , **ईमेल**: buddhadarpan@gmail.com **मुद्रण**: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही